# भोक्राहा नरसिंह गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### चिरौली, सुनसरी

### कोशी प्रदेश, नेपाल

**विषय : विज्ञापन कर सम्बन्धी दरभाउपत्रको १५ दिने सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०८३।०४।२६**

**सूचना नं. :- ०००११**

भोक्राहा नरसिंह गाउँपालिकामा निम्नानुसार श्रोतबाट प्राप्त हुने आन्तरिक आय संकलन गर्ने कार्यका लागि गाउँ कार्यपालिकाबाट निर्णय भए अनुसार आन्तरिक दरभाउपत्र बन्दोवस्त गर्न आवश्यक भएकोले तपशिल बमोजिमको शर्तको अधिनमा रही ईच्छुक व्यक्ति, फर्म, संस्थाहरुबाट तोकिएको समय भित्र शिलबन्दी दरभाउपत्र यस भोकाहा नरसिंह गाउँपालिकाको कार्यालयमा तोकिएको समयावधीमा दाखिला गर्न यो दरभाउपत्र आव्हान गरिएको छ ।

**दरभाउपत्रको विवरण :**

| सि.नं. | दरभाउपत्रको नाम | न्यूनतम वार्षिक रकम (रु.) | दरभाउपत्र दस्तुर | दरभाउपत्रको जमानत रु. |
|---|---|---|---|---|
| १. | भोक्राहा नरसिंह गाउँपालिकाका सम्पूर्ण क्षेत्रमा विज्ञापन कर संकलन कार्य | ५०००० /- (अक्षेरुपी रु. पचास हजार मात्र ) | रु.१०००।– | ५ प्रतिशत |

**शर्तहरु :**

१. दरभाउपत्र सकार गरेको दरभाउपत्र रकमको ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी बापतको रकम लक्ष्मी बैंक लिमिटेड भोक्राहा नरसिंहको धरौटी खाता नं. ०७९०३०००१६८ मा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

२. दरभाउपत्र साथ दरभाउपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्र, पान नं. र संघ संस्था वा फर्म, कम्पनि भए प्रमाण खुल्ने कागजातहरु माथि उल्लेखित साथै PAN नं., करचुक्ता प्रमाणपत्र, संस्थाको प्रमाणपत्र, अनिवार्य संलग्न गर्नु पर्नेछ ।

३. दरभाउपत्रको लागि तोकिएको दरभाउपत्र फारम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) वुझाई भोक्राहा नरसिंह गाउँपालिकाको राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. म्याद नाघी आएको वा रित नपुगेको दरभाउपत्र फारम उपर कारवाही हुने छैन ।

५. दरभाउपत्र स्वीकृत गर्ने / नगर्ने सर्वाधिकार भोक्राहा नरसिंह गाउँपालिकामा सुरक्षित रहनेछ ।

६. दरभाउपत्र स्वीकृत भएको दरभाउपत्रदाताले आफूले कबोल गरेको स्वीकृत दरभाउपत्र रकम दरभाउपत्र सम्झौता अगावै वुझाउनु पर्नेछ ।यसरी बुझाएको एकमुष्ट रकममा ५ (पाँच) प्रतिशत रकम छुट दिइनेछ ।

Email: bhokrahanarsingh.gapa@gmail.com

Website: www.bhokrahamun.gov.np

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी
कोशी प्रदेश, नेपाल

एकमुष्ट नदिएमा वा नबुझाएमा बढीमा तीन (३) किस्तामा दिइसक्नु पर्नेछ, सो अवस्थामा छुट सुविधा उपलव्ध गराईने छैन ।

७. दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १४ दिनसम्मको समय भित्र खरिद गर्न सकिनेछ।

८. दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १५ औं दिन मध्यान्न १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ । सो दिन विदा परेमा भोली पल्ट दिनको १२:०० बजे सम्ममा दर्ता गरिसक्नु पर्नेछ ।

९. दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु १५ औं दिन दिनको ०२:०० बजे खोलिनेछ। सो दिन विदा परेमा भोलि पल्ट दिनको ०२:०० बजे खोलिनेछ ।

१०. बन्द हडताल अन्य मानव सिर्जित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन ।

११. ठेक्काको दररेटहरु ठेक्का सूचना फारम खरिद गर्दा उपलब्ध गराईनेछ ।

१२. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थित हुनुपर्ने छ ।

१३. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्नेछ ।

१४. ठेकेदारले कुनै कारण देखाई दरभाउपत्र रकममा मिनाहा, छुट, हर्जना, सहुलियत माग गर्न पाउने छैन ।

१५. आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्ट गरि लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा (कबोल रकम) फरक परेमा अक्षरलाई मान्यता दिईने छ । ठेक्का (टेण्डर) फारम भर्नेको नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति तथा ठेक्का (टेण्डर) फारम खरिद गरेको नगदी रसिद अनिवार्य संलग्न राख्नु पर्नेछ ।

१६. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. अन्य थप जानकारीको लागि कार्यालय समय भित्रमा राजश्व शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१८. यो ठेक्का सम्झौता तीन (३) वर्षसम्म कायम हुनेछ ।

२०८२।०८।१६

जय प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Email: bhokrahanarsingh.gapa@gmail.com Website: www.bhokrahamun.gov.np

CamScanner